म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १५५ मंगलबार, ६ माघ २०८२ ने. सं. ११४६ पोहेलागा 20 January 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

साझाकुरा

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**काठमाडौं टप टेलर्स**

*अब टीसीएन रोडमा...*

विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित **काठमाडौं टप टेलर्स** अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसँगै सरेको जानकारी गराउँदछौं ।

प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५

# प्रतिनिधिसभा चुनावको लागि मकवानपुरमा आज मनोनयन दर्ता हुँदै

साझाकुरा संवाददाता

हेटौंडा, ५ माघ/ आगामी फागुन २१ मा हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि प्रत्यक्षतर्फ मकवानपुरमा आज उम्मेदवारको मनोनयन दर्ता हुँदैछ ।

दुईवटा निर्वाचन क्षेत्र रहेको मकवानपुरमा आज मंगलबार बिहान १० बजेदेखि साँझ ५ बजेसम्म मनोनयन दर्ता गर्ने कार्यक्रम तय भएको छ । माघ २ गते नै हेटौंडा-११ स्थित प्रादेशिक कृषि थोकबजारमा मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालय स्थापना भइसकेको छ । आइतबार बसेको सर्वपक्षीय बैठकले पनि उम्मेदवारी दर्ताका लागि समय निर्धारण गरेको थियो । सबैभन्दा पहिले बिहान मंगोलियन नेशनल अर्गनाइजेसनलाई १० देखि ११ बजेसम्म समय तोकिएको छ ।

त्यसपछि रास्वपालाई ११ देखि १२ र एमालेलाई १२ देखि १ बजेसम्म निर्धारण गरिएको छ । राप्रपालाई १ देखि २ बजेभित्र उम्मेदवारी दर्ता गर्न भनिएको छ । नेपाली कम्युनिष्ट पार्टीका लागि २ देखि ३ बजेसम्म समय छुट्याइएको छ । कांग्रेसलाई ३ देखि ४ र उज्यालो नेपाललाई त्यसपछि एक घण्टा समय निर्धारण गरिएको छ । स्वतन्त्र उम्मेदवारले बिहान १० देखि ५ बजेसम्म जुनसुकै समयमा पनि मनोनयन गर्न सक्ने व्यवस्था मिलाइएको छ । मनोनयन दर्ता गराउन आउने उम्मेदवारसहित १५ जनालाई मात्र कार्यालय परिसरमा प्रवेश गर्न पाउने व्यवस्था गरिएको छ ।

## दलहरुले उम्मेदवारको टुंगो लगाए




निर्वाचन कार्यसम्पादन गर्नको लागि मुख्य निर्वाचन अधिकृतमा जिल्ला न्यायाधीश गीता श्रेष्ठ र निर्वाचन अधिकृतमा जिल्ला सरकारी वकिलको कार्यालय मकवानपुरका जिल्ला न्यायाधीवक्ता देवेन्द्रराज आचार्यलाई नियुक्त गरिएको छ । मकवानपुरको निर्वाचन क्षेत्र नम्बर १ मा श्रेष्ठ र निर्वाचन क्षेत्र २ मा आचार्यलाई खटाइएको हो । प्रतिनिधिसभा निर्वाचनमा मकवानपुरमा ३ लाख १५ हजारभन्दा बढी मतदाता सहभागी हुनेछन् । प्रदेश निर्वाचन कार्यालयका अनुसार मकवानपुरमा कुल मतदाता संख्या ३ लाख १५ हजार ३३४ कायम रहेको हो ।

मकवानपुरमा १ सय ६७ मतदानस्थल र ३ सय ७४ मतदान केन्द्र तोकिएका छन् । निर्वाचन क्षेत्र नम्बर १ मा ६२ मतदानस्थल र १७८ मतदान केन्द्र रहेका छन् भने निर्वाचन क्षेत्र नम्बर २ मा १ सय ५ मतदानस्थल र १९६ मतदान केन्द्र रहेका छन् ।

### दलहरूले उम्मेदवारको टुंगो लगाए

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि मकवानपुरमा विभिन्न राजनीतिक दलहरुले उम्मेदवारको टुंगो लगाएको छ ।

२ वटा निर्वाचन क्षेत्र रहेको मकवानपुरमा दलहरुले उम्मेदवारको टुंगो लगाएको हो । नेकपा एमालेको तर्फबाट क्षेत्र नं. १ मा रामेश्वर राना र क्षेत्र नं. २ मा महेश बर्तौला उम्मेदवार बन्ने भएका छन् । गत २०७९ को निर्वाचनमा क्षेत्र नं. १ मा राप्रपाका नेता कमल थापाले सर्यूचिन्हबाट चुनाव लडेपछि रानाले पाएको टिकट अन्तिम समय खोसिएको थियो भने क्षेत्र नं. २ मा बर्तौलाले तत्कालीन नेकपा (एकीकृत समाजवादी) का नेता विरोध खतिवडालाई पराजित गरेका थिए । खतिवडाले यसपटक चुनाव नलड्ने घोषणा गरिसकेका छन् ।

त्यसैगरी नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले पनि उम्मेदवारको नाम फाइनल गरेको छ । नेकपाको तर्फबाट क्षेत्र नं. १ मा बिजय गौतमले टिकट पाउँदा क्षेत्र नं. २ मा थाहा नगरपालिका पूर्वनगरप्रमुख लवशेर विष्टले टिकट पाएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीको तर्फबाट क्षेत्र नं. १ मा प्रकाश गौतम र क्षेत्र नं. २ मा प्रशान्त उप्रेतीले उम्मेदवारी दिने भएका छन् । राप्रपाले पनि मकवानपुरको दुईवटै क्षेत्रमा उम्मेदवार टुंग्याएको छ । क्षेत्र नम्बर १ बाट पूर्वसांसद दीपकबहादुर सिंह उम्मेदवार बन्ने भएका छन् भने क्षेत्र नम्बर २ बाट रामबहादुर थोकर उम्मेदवार बन्ने भएका छन् ।

यसैगरी हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीबाट क्षेत्र नं. १ मा विद्या श्रेष्ठले उम्मेदवार बन्ने घोषणा गरेकी थिइन् । निर्वाचन आयोगले उम्मेदवारी दर्ता गर्दा आवश्यक कागजातसहित आउन अपिल गरेको छ ।

निर्वाचनमा भाग लिने उम्मेदवारले मनोनयनपत्र दर्ता गर्दा मतदाता नामावली ऐन २०७३, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन २०७४, प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली २०७४, प्रतिनिधि सभा सदस्य निर्वाचन निर्देशिका २०८२ र निर्वाचन आचारसंहिता, २०८२ बमोजिम कागजात पेस गर्नुपर्ने व्यवस्था रहेको छ ।

# चुनाव लड्न बागमती प्रदेशका ६ सांसद्ले दिए राजीनामा



साझाकुरा संवाददाता

हेटौंडा, ५ माघ/ बागमती प्रदेशका ६ जना प्रदेशसभा सदस्यले राजीनामा दिएका छन् । फागुन २१ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवार बन्न ६ जना प्रदेशसभा सदस्यले राजीनामा बुझाएका हुन् ।

नेपाली कांग्रेसबाट दोलखा १ (क) का कुन्दनराज काफ्ले, नेकपा एमालेबाट काठमाडौं ७ (ख) का प्रकाश श्रेष्ठ र ६(ख) का अमनकुमार मास्के, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट काठमाडौं २ (क) का सुनिल केसी, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बाट सिन्धुपाल्चोक २(ख) का युवराज दुलाल र काठमाडौं ७ (क) का बसन्त मानन्धरले राजीनामा दिएको उपसभामुख अप्सरा चापागाईले जानकारी दिइन् । ६ जना प्रदेशसभा सदस्यले सोमबार नै पदबाट राजीनामा दिएको पत्र सचिवालयमा प्राप्त भएको र प्रक्रिया अगाडि बढिसकेको उनले बताइन् ।

पूर्वआर्थिक मामिला तथा योजनामन्त्री समेत रहेका दोलखाका काफ्लेले सोमबार हेटौंडा-१० स्थित प्रदेशसभामै उपस्थित भएर उपसभामुख चापागाईंलाई राजीनामा बुझाएका हुन् भने मास्के, श्रेष्ठ, दुलाल, मानन्धर र केसीले प्रदेशसभाको इमेलमा राजीनामा पठाएका हुन् । राजीनामा दिएपश्चात् सञ्चारकर्मीसँग कुराकानी गर्दै काफ्लेले दोलखाका जनताको भावनाअनुसार नै संघमा चुनाव लड्न आफूले राजीनामा दिएको बताएका छन् । पार्टीबाट टिकट पाउने सुनिश्चित भइनसकेको बताउँदै उनले पार्टी र राष्ट्रको समस्या समाधान गर्न आफू अब्बल रहेको दाबी गरे ।

अमन मास्के काठमाडौं ६ बाट प्रतिनिधिसभा निर्वाचनमा होमिने भएका छन् भने प्रकाश श्रेष्ठ काठमाडौं ७ बाट निर्वाचन लड्ने भएका हुन् । तत्कालीन नेकपा एसबाट निर्वाचित भएका वसन्त मानन्धर पनि नेकपाबाट काठमाडौं ७ कै उम्मेदवार बनेका छन् । यता, सिन्धुपाल्चोकबाट दुईपटक प्रदेश सभामा निर्वाचित भएका युवराज दुलाल नेकपाबाट सिन्धुपाल्चोक २ को उम्मेदवार बनेका छन् ।

काठमाडौंबाट निर्वाचित भएका राप्रपाका सांसद सुनिल केसी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट प्रतिनिधिसभा निर्वाचनमा होमिने चर्चा छ । यद्यपि, हालसम्म कुन क्षेत्रबाट टिकट पाउने भने निश्चित भैसकेको छैन । दोलखा १ (१) बाट प्रदेशसभामा निर्वाचित भएका कुन्दनराज काफ्लेले पनि टिकट पक्का नहुँदै राजीनामा दिएका हुन् । योसँगै ११० सदस्यीय प्रदेशसभामा सांसदको संख्या १०४ भएको छ ।

# भयमुक्त वातावरणमा निर्वाचन हुन्छः *आयुक्त भण्डारी*



साझाकुरा संवाददाता

हेटौंडा, ५ माघ/ कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा हुने बताएका छन् ।

मनोनयन दर्ताको पूर्वसन्ध्यामा सार्वजनिक अपिल गर्दै उनले निर्वाचनको विकल्प निर्वाचन नै भएकाले निर्वाचनमा सबै क्षेत्रबाट सहयोग प्राप्त हुने अपेक्षा गरेको उल्लेख गरे । निर्वाचन घोषणा भएसँगै आयोगले कार्यसम्पादन गर्नुपर्ने विषयलाई कार्यतालिका बनाई अघि बढेको उल्लेख गर्दै उनले भनेका छन्, 'कार्यतालिका बनाएर थुप्रै कार्यसम्पादन गरेर अब भोलि अर्थात् माघको ६ गते जो-जो चुनिन चाहनुहुन्छ उहाँहरुको मनोनयनपत्र दाखिल गर्ने समय आएको छ । बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म मनोनयन हुँदैछ ।'

कावा प्रमुख निर्वाचन आयुक्त भण्डारीले आचारसंहिता लागू भएको अवगत गराउँदै यी सबै कार्यक्रम चार महिना अगाडि प्रकाशित भएको कार्यतालिकाअनुसार कार्यसम्पादन भइरहेको बताए । 'अब कुनैपनि विषयवस्तुलाई संशोधन गर्ने थप्ने घटाउनेलगायत काम हुँदैनन् । तोकिएकै समयमा मनोनयनपत्र दाखिल हुन्छ र निर्वाचन सम्पन्न हुन्छ, आयोग यसैमा ढुक्क छ', उनले बताए । आयोगले निर्धारण गरेको निर्धारित समयभित्र मनोनयनपत्र दाखिल हुनुपर्ने र दाखिला भइसकेपछि जाँचबुझ गर्नेलगायत कानुनी प्रक्रिया अघि बढ्ने उनको भनाइ छ ।

उनले निर्वाचनका विषयमा अदालतले आदेश गरिसकेपछि त्यो सबैले मान्नुपर्ने उल्लेख गर्दै आयोगले अदालतमा रहेको विषयवस्तुलाई अहिले विश्लेषण गरेर यो हुन्छ र त्यो हुन्न भनेर भन्न नमिल्ने स्पष्ट पारे । 'मनोनयनपत्र दाखिला गर्नुपर्ने उम्मेदवार मनोनयनस्थल पुग्न सक्नुभएन भने आफ्नो वारेसमार्फत् मनोनयन दाखिला गर्ने कानुनले व्यवस्था दिएकै छ । हामीले विभिन्न निर्देशिकामार्फत यसको जानकारी गराएका छौं', आयुक्त भण्डारीले भनेका छन् ।






साझाकुरा

## हाम्रो कुरा

# ६ महिनामा १४ प्रतिशत खर्च

प्रदेश सरकारको कार्यसम्पादन कस्तो छ भन्ने कुरा पछिल्लो ५ महिनाको आय र व्यय नियाल्दा पुग्छ । चालु आर्थिक वर्षको ६ महिनामा बागमती प्रदेश सरकारले कुल बजेटको १५ प्रतिशत भन्दा कम बजेट खर्च गरेको छ । त्यस्तै १५ प्रतिशत राजश्व संकलन गर्न सफल भएको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयको अनुसार कुल विनियोजित बजेट ६७ अर्ब ४७ करोड ७३ लाखको १४ दशमलब २० प्रतिशत अर्थात् ९ अर्ब ५८ करोड ४ लाख ५४ हजार मात्र बजेट खर्च भएको छ । प्रदेश सरकारले पुँजीगततर्फ विनियोजन गरेको कुल ४१ अर्ब ४३ करोड ३५ लाख ३६ हजार रुपैयाँमध्ये पुस मसान्तसम्म जम्मा ३ अर्ब ७२ करोड ६६ लाख ७२ हजार रुपैयाँमात्रै खर्च गरेको आर्थिक मामिला तथा योजना विकास मन्त्रालयले जानकारी दिएको छ । पुँजीगतखर्च ८.९९ प्रतिशत मात्र भएको छ । चालू आर्थिक वर्ष २०८२/८३ को ६ महिनामा वार्षिक लक्ष्यको २५ दशमलव ८४ प्रतिशत अर्थात् १७ अर्ब ४३ करोड ५८ लाख ७७ हजार राजस्व संकलन गरेको छ । घरजग्गा रजिष्ट्रेसन (मालपोत) र सवारीसाधन कर प्रदेश सरकारको राजस्व संकलनको मुख्य आयस्रोत मानिन्छ । दुवै शीर्षकसहित बाँडफाँड आव २०८२/८३ मा ३० अर्ब ८९ करोड ११ लाख ८९ हजार रुपैयाँ राजस्व संकलन हुने अनुमान गरिएकामा साउनदेखि पुससम्ममा लक्ष्यको ३१ दशमलव ४८ प्रतिशत अर्थात् ९ अर्ब ७२ करोड ५० लाख २८ हजार रुपैयाँ राजस्व संकलन भएको आन्तरिक मामिला तथा योजना विकास मन्त्रालयले जानकारी दिएको छ ।

चालू आव २०८२/८३ मा घरजग्गा रजिष्ट्रेसन शीर्षकबाट ७ अर्ब ७० करोड रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य रहेकामा ६ महिनाको अवधिमा २ अर्ब १ करोड ६६ लाख ९० हजार रुपैयाँ संकलन भएको छ । प्रदेश सरकारले सवारीसाधन जाँचपास, रुट पर्मिट, सवारीचालक अनुमतिपत्र वितरण तथा नवीकरणअन्तर्गत् सवारीकर शीर्षकबाट आव २०८२/८३ मा ८ अर्ब २५ करोड रुपैयाँ अनुमान गरिएकामा पुससम्ममा २ अर्ब ६३ करोड ८३ लाख ७५ हजार रुपैयाँ संकलन गरेको छ । प्रशासनिक तथा साधारण प्रकृतिको चालुखर्च भने २२ दशमलब ४८ प्रतिशत भएको छ । चालुतर्फ विनियोजित २६ अर्ब ४ करोड ३७ लाख ९१ हजार रुपैयाँमध्ये ५ अर्ब ८५ करोड ३७ लाख ८१ हजार रुपैयाँ खर्च भएको छ । चालु आर्थिक वर्षको बजेटमा सबैभन्दा बढी खर्च श्रम रोजगार तथा यातायात मन्त्रालयले गरेको छ । यो मन्त्रालयले कुल विनियोजित ७२ करोड ५ लाख ४४ हजार रुपैयाँमध्ये पुँजीगततर्फ १५ अर्थात १० प्रतिशत र चालुतर्फ ३२ अर्थात् ३९ प्रतिशत खर्च गरेको छ । यो मन्त्रालयले ६ महिनामा कुल २८ दशमलब १० प्रतिशत अर्थात् २ करोड २४ लाख ७४ हजार रुपैयाँ खर्च गरेको हो । स्वास्थ्य मन्त्रालयले २६ दशमलब ४३ प्रतिशत अर्थात् ९३ करोड ५९ लाख ५२ हजार रुपैयाँ खर्च गरेको छ । जसमा चालुतर्फ २९ दशमलब ३५ प्रतिशत अर्थात् ९१ करोड ७२ लाख ८ हजार रुपैयाँ र पुँजीगततर्फ ४ दशमलब ५० प्रतिशत अर्थात् १ करोड ८७ लाख ४३ हजार रुपैयाँ खर्च भएको छ । स्वास्थ्य मन्त्रालयलाई चालु आर्थिक वर्ष ३ अर्ब ५४ करोड १३ लाख ९३ हजार रुपैयाँ बजेट उपलब्ध गराइएको छ । त्यस्तै २० करोड ७८ लाख ८१ जार रुपैयाँ बजेट विनियोजन भएको आर्थिक मामिला तथा योजना मन्त्रालयले २५ दशमलब ९१ प्रतिशत अर्थात् ५ करोड ३८ लाख ५३ हजार रुपैयाँ खर्च गरेको छ । चालुतर्फ ४ करोड ५८ लाख ५५ हजार रुपैयाँ अर्थात् २६ दशमलब ९० प्रतिशत र पुँजीगततर्फ ७ करोड ९९ लाख ७४ हजार रुपैयाँ अर्थात् २१ दशमलब ३७ प्रतिशत खर्च भएको छ । वन तथा वातावरण मन्त्रालयले ३ अर्ब ६७ करोड ४५ लाख ५५ हजार रुपैयाँ बजेटमध्ये ६ महिनामा १७ दशमलब ४८ प्रतिशत अर्थात् ६४ करोड २४ लाख १८ हजार रुपैयाँ खर्च गरेको छ ।

यो मन्त्रालयले पुँजीगततर्फ २३ करोड ६ लाख ३७ हजार रुपैयाँ अर्थात् ९ दशमलब २९ प्रतिशत र चालुतर्फ १४ करोड १७ लाख १८ हजार रुपैयाँ अर्थात् ३४ दशमलब ३५ प्रतिशत खर्च गरेको छ । उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयले कुल विनियोजित बजेट ६४ करोड ८५ लाख १३ हजार रुपैयाँमध्ये १० करोड ४९ लाख ९१ हजार रुपैयाँ अर्थात् १६ दशमलब १९ प्रतिशत बजेटखर्च गरेको छ भने प्रदेशको सबैभन्दा बढी बजेट रहेको भौतिक पूर्वाधार विकास मन्त्रालयले बजेट कार्यान्वयन १४ दशमलब २५ प्रतिशत मात्र छ । यो मन्त्रालयका लागि विनियोजित २१ अर्ब १६ करोड ४० लाख ४५ हजार रुपैयाँमध्ये ३ अर्ब १ करोड ६८ लाख ४३ हजार रुपैयाँ खर्च भएको हो । जसमा पुँजीगततर्फ २ अर्ब ८७ करोड ५७ लाख ३४ हजार रुपैयाँ अर्थात् १३ दशमलब ६८ प्रतिशत र चालुतर्फ १४ करोड ११ लाख ८ हजार रुपैयाँ अर्थात् ३४ दशमलब ५१ प्रतिशतखर्च भएको छ । संस्कृति तथा पर्यटन मन्त्रालयले कुल विनियोजित बजेटको २ दशममलब ३० प्रतिशत खर्च गरेको छ भने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले १९ दशमलब १७ प्रतिशत, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले १३ दशमलब ३२ प्रतिशत, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयले ७ दशमलब ६१ प्रतिशत, आन्तरिक मामिला तथा कानुन मन्त्रालयले १२ दशमलब १३ प्रतिशत, सहकारी तथा गरिबी निवारण मन्त्रालयले १२ दशमलब ६३ प्रतिशत, युवा तथा खेलकुद मन्त्रालयले ६ दशमलब ३२ प्रतिशत र सामाजिक विकास मन्त्रालयले १३ दशमलब ९३ प्रतिशत बजेट खर्च गरेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ माघ ७ गते बुधबार २१ जनवरी २०२६ । तृतीया, माघ शुक्लपक्ष । पोहेलागा ११४६ ने.सं. । सूर्योदय ६:५७ सूर्यास्त ५:३४ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : सञ्चित धन खर्च हुनेछ | तुला | : सहमतिका कार्यहरु हुनेछन् |
| वृष | : आफन्तले कुरा काट्नेछन् | वृश्चिक | : नयाँ कार्य सम्पन्न हुनेछ |
| मिथुन | : आत्मविश्वास बढ्नेछ | धनु | : प्रतिभाका कार्यमा सफलता मिल्नेछ |
| कर्कट | : आफन्तको सहयोग मिल्नेछ | मकर | : सन्तानबाट सन्तोष मिल्नेछ |
| सिंह | : मान, प्रतिष्ठा बढ्नेछ | कुम्भ | : विवाद पर्न सक्नेछ |
| कन्या | : कार्यमा सफलता मिल्नेछ | मीन | : दाम्पत्य सुख मिल्नेछ |

# कम्युनिष्ट आन्दोलन: विसर्जन र पुनर्जागरणको दोबाटोमा



श्याम रोक्का

क्रान्तिकारी नेता चे ग्वेभाराले भन्नुभएको थियो- "क्रान्ति भनेको केवल सत्ता परिवर्तन मात्र होइन, समाजको हरेक तहमा न्याय र समानताको स्थापनाको संघर्ष हो ।" विश्व राजनीतिमा परिवर्तन सधैं स्वत: स्फूर्त हुँदैनह प्राय: त्यो व्यवस्थित विद्रोहबाट जन्मिन्छ । समयसँग जुध्ने साहस, आन्तरिक आत्मसमीक्षा र नेतृत्वको रूपान्तरण विना कुनै पनि राजनीतिक आन्दोलन र क्रान्ति दीर्घकालीन बन्न सक्दैन ।

यही सन्दर्भमा नेपाली कांग्रेसले विश्वव्यापी उदार लोकतान्त्रिक बहस र आन्तरिक सुधार मार्फत आफूलाई समयअनुकूल रूपान्तरण गर्ने प्रयास गरेको छ । युवाको अपेक्षालाई सम्बोधन गर्ने गरी विशेष महाधिवेशन मार्फत नयाँ नेतृत्व चयन भएको छ र त्यसले निर्वाचन आयोगबाट आधिकारिक मान्यता समेत पाएको छ ।

सँगै अर्कोतिर नेपाली राजनीतिको अर्को लोकतान्त्रिक अभ्यास हुनुपर्ने कम्युनिष्ट धार जसमा व्यवस्थित विद्रोहको अभावले संकट पैदा भएको छ । व्यवस्थित विद्रोह र वैचारिक पुनर्निर्माण हुन नसक्दा कम्युनिष्ट आन्दोलन नै विस्तारै विसर्जनको दिशातर्फ धकेलिएको छ ।

विगतको नेपाली कम्युनिष्ट आन्दोलन समीक्षा गर्ने हो भने- २००७ सालपछि राज्यसत्ताको रूपान्तरणका लागि उठेको एक शक्तिशाली वैचारिक अभियान थियो कम्युनिष्ट आन्दोलन । २०४६ सालको जनआन्दोलन, २०५२ देखि २०६३ को माओवादी युद्ध र २०६२/६३ को दोस्रो जनआन्दोलनमा निर्णायक भूमिका निर्वाह गऱ्यो । सामन्ती राजसंस्थाको अन्त्य, गणतन्त्रको स्थापना र संविधान निर्माण जस्ता ऐतिहासिक उपलब्धिहरू कम्युनिष्ट आन्दोलनकै सक्रिय हस्तक्षेपमा सम्भव भए । सत्ता प्राप्तिपछि आन्दोलनले आफ्नो क्रान्तिकारी विद्रोह र धार कायम राख्न नसक्दा कम्युनिष्ट दलहरूभित्र संस्थागत विद्रोह र वैचारिक अभावले विचार संकटमा र व्यक्तिहरू हावी हुनपुगे ।

दलहरू भित्र असन्तुष्टहरू जन्मिए तर वैचारिक बहसमा रूपान्तरण हुन सकेन । जब व्यक्तिवादी टकराव, गुटबन्दी र सत्ता संघर्षमा सीमित हुन पुग्यो र नेतृत्व पुस्तान्तरण भएन, निर्णय प्रक्रियामा सीमित व्यक्तिको नियन्त्रण र संगठनभित्र लोकतान्त्रिक अभ्यासको क्षयले आन्दोलन निरीह बन्न पुग्यो । परिणामस्वरुप जेनजी विद्रोह पछि पनि नेकपा (एमाले) अध्यक्षमा केपी शर्मा ओली नै निर्वाचित हुनु र झण्डै एक दर्जनभन्दा बढी ठूला-साना कम्युनिष्ट दलहरू बीच एकता गरेर संयोजकमा पुष्पकमल दाहाल (प्रचण्ड)नै भइरहनुले पुस्तान्तरण मागलाई पूर्णविराम लगाएको छ । पछिल्लो पटक जनार्दन शर्माको बहिर्गमनले कम्युनिष्ट आन्दोलनभित्रको व्यवस्थित विद्रोहलाई अवमूल्यन गरेको छ ।

विगतमा पनि ठूला दुई कम्युनिष्ट दलहरू नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) मिलेर नेपाल कम्युनिष्ट पार्टी बन्यो तर आमजनताको आशा र भरोसा माथि तुषारापात गर्दै वैचारिक भन्दा सत्ता र शक्ति समीकरणमा आधारित हुँदा दीर्घकालीन बन्न सकेन । नेतृत्व बीचको शक्ति संघर्षले केही महिनामै पार्टी विघटन र कम्युनिष्ट आन्दोलन पुन: टुक्रा-टुक्रामा विभाजित हुनपुग्यो । त्यसपछिका एकता प्रयासहरू स्थायी बन्न सकेनन् परिणामत: विद्रोह सधैं फुटको रूपमा मात्र प्रकट भयो ।

आन्दोलन आफ्ना क्रान्तिकारी एजेन्डाबाट क्रमश: टाढा हुँदै जादा सशस्त्र संघर्षपछि मूल धारमा आएका माओवादी लगायत कम्युनिष्ट दलहरू सरकार सञ्चालनमै केन्द्रित हुँदा वर्गसंघर्ष, श्रमिक-किसानका मुद्दा र सडक संघर्षको राजनीतिलाई निरन्तरता दिन नसक्दा आम जनताका आशाहरू चरम निराशामा परिणत भए । अर्को शक्तिशाली कम्युनिष्ट पार्टी एमाले पनि संसदीय प्रतिस्पर्धाको साँघुरो घेराभित्र सीमित हुँदा सामाजिक आधार कमजोर हुनपुग्यो ।

"केपी बा आई लभ यू"- भन्ने नयाँ पुस्ता राजनीतिमा नयाँ प्रश्न सहित प्रवेश गऱ्यो । भ्रष्टाचार, बेरोजगारी, सामाजिक न्याय र अवसरको समानता जस्ता मुद्दा बोकेर पुस्ता हस्तान्तरणको नारा लगाउन थाल्यो । तर ती प्रश्नहरूको नेतृत्व कुनै पनि कम्युनिष्ट दलहरूले गर्न नसक्दा परिणामस्वरूप पुरानो नेतृत्व, अन्त्यहीन गुटबन्दी र सत्तामुखी अभ्यासप्रति युवाहरूको असन्तुष्टि बढ्दै गयो र कम्युनिष्ट आन्दोलनको वैचारिक विश्वसनीयतालाई नै चुनौती दियो ।

यति हुँदा पनि नेपाली कम्युनिष्ट आन्दोलन रूपान्तरणको प्रक्रियामा छैन । त्यस कारण आगामी निर्वाचनमा कम्युनिष्ट दलहरू अस्तित्वमा त रहलान् तर संसद्मा उल्लेखनीय प्रतिनिधित्व र भूमिका भने रहने छैन । यो अवस्था कम्युनिष्ट आन्दोलनमा त्यत्तिकै रोकिने छैन । आन्तरिक लोकतन्त्र सुदृढ, वैचारिक स्पष्टता पुनर्निर्माण र नेतृत्वले आत्मालोचना गर्ने साहस देखाएन भने अहिलेको संकट क्रमश: विसर्जनमा रूपान्तरण हुनसक्ने सम्भावना अब टाढा छैन ।

नेपाली कम्युनिष्ट आन्दोलन आज ऐतिहासिक दोबाटोमा उभिएको छ । एकातिर समयअनुकूल रूपान्तरण, वैचारिक पुनर्निर्माण र जनआधार सहित व्यवस्थित विद्रोह र नेतृत्व हस्तान्तरण वा निरन्तर विभाजन, सत्तामुखी अभ्यास र संगठनात्मक जडता सहित अवसानको बाटो रोज्ने, समीक्षा गर्ने बेला आएको छ । अन्तत: यो प्रश्न कम्युनिष्ट आन्दोलनको अस्तित्वको मात्र होइन, आगामी दिशाको पनि हो । यदि कम्युनिष्ट आन्दोलनले सत्ता भन्दा पनि मुद्दालाई केन्द्रमा राख्न सकेन भने नयाँ पुस्ताले नयाँ वैकल्पिक बाटो खोज्ने छन् । त्यस अवस्थामा कम्युनिष्ट आन्दोलन विसर्जनको दिशामा धकेलिन सक्छ । त्यसैले समयमै कम्युनिष्ट दलहरूमा सुधार र रूपान्तरण जरूरी छ ।

समय गतिशील छ, गतिलाई पहिल्याउने नेतृत्व र आन्दोलनकै हातमा छ, होइन भने विश्वव्यापी रूपमा परम्परागत कम्युनिष्ट आन्दोलन क्रमश: विसर्जन वा गहिरो रूपान्तरणको चरणमा प्रवेश गरिसकेको छ । यस अर्थमा नेपाली कम्युनिष्ट आन्दोलनको वर्तमान संकट कुनै अपवाद होइनह यो विश्वव्यापी कम्युनिष्ट आन्दोलनको संरचनात्मक संकटसँग गाँसिएको यथार्थ हो । फरक यति मात्र हो– नेपालको कम्युनिष्ट आन्दोलनले अझै पनि नेतृत्वमा सुधार, वैचारिक पुनर्निर्माण गरेर व्यवस्थित विद्रोह सहित जनता बीच फर्किन सक्छ । यो ऐतिहासिक अवसर अझै गुमिसकेको छैन तर त्यो अवसर सधैं खुला रहने छैन । अन्तर्राष्ट्रिय अनुभवले देखाएको पाठ स्पष्ट छ– समयसँग जुध्न नसक्ने आन्दोलन अन्तत: इतिहासकै पानामा सीमित हुनेछ ।

नेपालमा कम्युनिष्ट आन्दोलनले आफ्नो ऐतिहासिक भूमिका निर्वाह गरेको भए पनि, अब यसको क्रान्तिकारी चरित्र विस्तारै विसर्जनतर्फ अघि बढिरहेको छ । त्यसैले कम्युनिष्ट दलहरूका लागि युवाहरूलाई नेतृत्व हस्तान्तरण र रूपान्तरण पुनर्जागरणको यो अवसरको रूपमा उपयोग गर्न जरूरी छ । दलहरूलाई समयानुकूल बनाउने, युवा ऊर्जा र नयाँ विचारलाई राजनीतिक निर्णयमा समेट्ने र लोकतान्त्रिक अभ्यासलाई सुदृढ गर्ने संस्कारको विकास गर्नु जरूरी छ ।

*(साभार: अनलाइनखबर)*

# मुलुक निर्वाचनमय भइसक्यो

शंकरनाथ काफ्ले

समस्या आउनु र त्यसको समाधान पहिल्याउनु मानवजीवनको सबैभन्दा ठूलो गुण हो । भदौ २३ र २४ गते मुलुकले ठूलो समस्या भोग्नुपरेको थियो तर यो समस्याको समाधानको उपाय हामीले पहिल्याइसकेका छौं । उक्त घटनापछि भत्किएको राजनीतिक संरचनाको पुन:निर्माण गर्ने एकमात्र उपयुक्त माध्यम निर्वाचन नै हो । हामीले तोकिएको समयमा निर्वाचन गरेनौं वा गर्न सकेनौं भने संविधान मात्र होइन, आजसम्मका सम्पूर्ण उपलब्धिहरुसमेत समाप्त भएर जानेछन् । भदौ २३ गतेको दिनसम्म आइपुग्दा पनि नेपाली जनताले थुप्रै उपलब्धिहरु हासिल गरेका नै थिए, त्यसलाई इन्कार गर्न सकिँदैन । उत्कृष्ट संविधान र उपयुक्त व्यवस्था नेपालले अंगिकार गर्दै आएको नै हो । देखिएका विकृति-विसंगतिका कारणहरु हाम्रो संविधान र संवैधानिक व्यवस्थाहरु पक्कै होइनन्, हाम्रो प्रवृत्ति भने निराशाको कारण थियो । जिम्मेवार राजनीतिक दलका जिम्मेवार नेताहरुले जनभावना अनुसार कार्य गर्न नसकेको मात्र होइन, जनतालाई अन्धकारमा राखेर आफ्नो र आफ्ना पार्टीभित्रका सीमित व्यक्तिहरुको स्वार्थमा मात्र बढी केन्द्रित भएर शासन चलाउँदाको यो परिणाम देखिएको हो । त्यो राजनीतिक शक्तिको मोह आज पनि गडिएर बसेको देखिन्छ ।

स्वीकार गर्नै पर्दछ कि संविधानले नेतालाई मालिक बनाएको छैन, संविधानले नेपाली जनतालाई सार्वभौम स्वीकार गरेको छ । तर, जनताको सार्वभौम अधिकार नेतृत्वले झुक्याएर अपहरण गरी मनोमानी गरेको कारण जनतामा तीव्र निराशा छाएको हो । आजको दिनमा पनि हिजोका जिम्मेवार नेताहरुले गरेका गलत व्यवहारको परिणाम हाम्रो संविधानले झेलिरहेको छ, हाम्रो व्यवस्थाले बोकिरहेको छ, अझ भन्ने हो भने नेपाल आमाले सहन गर्नुपरिरहेको छ । जेन्जी आन्दोलनले त्यसलाई खबरदार गरेको हो तर त्यसलाई जेन्जी आन्दोलन र जेन्जी आन्दोलनपछि बनेको सरकारले पनि न्याय दिन सकिरहेको छैन । तसर्थ अब संविधानको रक्षाको लागि निर्वाचनमा जानु र जनताले विवेकको मत प्रयोग गरी सही नेतृत्व छान्न सक्ने क्षमता र योग्यता दुवै प्रमाणित गर्नुपर्ने बेला आएको छ । अबको एक कार्यकाल जनताको विवेकको परीक्षण गरी यही व्यवस्थालाई सुदृढ बनाउन संकल्प गर्नुपर्दछ । अबको निर्वाचनपछि पनि विद्यमान संरचनामा सुधार आउन सकेन भने विकल्प खोज्नुको नै विकल्प बाँकिरहँदैन ।

फागुन २१ को लागि निर्वाचनको घोषणा भएको छ । निर्वाचन आयोगले पनि निर्वाचनका कार्यक्रमहरु द्रुत गतिमा अघि बढाइसकेको अवस्था छ । तर पनि निर्वाचनको लागि भरपर्दो वातावरण बनिसकेको छैन भन्ने गुनासो सुन्नुपरिरहेको छ । यो कारण निर्वाचन होला र ? भन्ने प्रश्न जनतादेखि सरकारसम्म आज पनि सबैले उठाइरहेका छन् । निर्वाचनप्रति यस प्रकारको संसय किन ? यसको पछाडि थुप्रै कारण र आधारहरु षडयन्त्रमूलक ढंगबाट उत्पन्न भइरहेका देखिन्छन् । ८४ मा हुनुपर्ने निर्वाचन जेन्जी आन्दोलनको कारण एकाएक ८२ मा झऱ्यो । ८२ मा निर्वाचन हुन्छ भन्ने कसैले परिकल्पनासमेत नगरेको कारण निर्वाचनको माहोल बन्न नसकेको एउटा आधार देखिएको छ । जेन्जी आन्दोलनपछि बनेको वर्तमान सरकार गैरराजनीतिक चरित्रको हो । यो जनमनबाट बनेको सरकार होइन ।

जेन्जीको सरकार भनिए पनि जेन्जी आन्दोलनको बलिदानको मर्म सरकारले बुझेको आफूलाई आजसम्म प्रमाणित गर्न सकिरहेको छैन । कुरा नचपाई भन्ने हो भने आज जो सरकारमा जो छन् उनीहरुलाई यो पद चिट्ठामा प्राप्त भएको उपलब्धि हो भन्दा पनि हुन्छ । आज सरकारमा बस्नेहरुले जीवनमा कहिल्यै सरकारमा पुग्छु होला भन्ने परिकल्पना गरेका पनि थिएनन् होला । जेन्जी आन्दोलनको बलमा, जेन्जीको विश्वासमा, जेन्जीको भावनामा यो सरकार बनेको हो । तर यो सरकारले भदौ २३ र २४ गतेको आन्दोलनको औचित्य पुष्टि गर्न सकिरहेको भन्ने तथ्य देखिएको छैन । यसले गर्ने कार्यहरु बेलाबेलामा विवादास्पद र शंकास्पद हुने गरेको कारण जेन्जीले नै सरकारको अविश्वास गरिरहेको अवस्था पनि छ । तसर्थ कहिलेकाहीं लाग्छ, सरकार नै तोकेको समयमा निर्वाचन नगराउने भन्ने पक्षमा त छैन ? तर मूल जिम्मेवारी पाउनुभएकी प्रधानमन्त्रीको प्रतिबद्धतालाई नियाल्ने हो भने तोकिएको समयमा निर्वाचन हुन्छ भन्ने कुरामा सन्देह गर्ने आधार पनि छैन । तसर्थ संसय नगरौं ।

राजनीतिक दलहरुको आ-आफ्नो स्वार्थ छ । जेन्जी आन्दोलनपछि ठूला भनिएका केही दलहरुप्रति जनतामा थप तीव्र वितृष्णा र अविश्वास बढेको देखिन्छ । कुनै पार्टी फुट्ने अवस्थासम्म पुग्नु कुनै पार्टीहरु जुट्नु र फेरि फुट्नुजस्तो कार्य भइरहेको छ । पुराना दलहरुको लागि निर्वाचन सहज भइरहेको छैन । यस्तोमा संसद् पुनर्स्थापना भएदेखि ८४ सम्म नै विभिन्न बहानामा फेरि शासन सत्ता आफ्नो ढंगले चलाउन पाइन्छ भन्ने दलहरुमा विश्वास छ । त्यति मात्र होइन, एकातर्फ जेन्जी आन्दोलन दबाउँदा गरिएका मानवता विरोधी कार्यको विरुद्धमा हुनसक्ने सम्भावित दण्ड सजायबाट सजिलैसँग जोगिन सक्ने सम्भावना रहन्छ भने अर्कोतर्फ भदौ २४ गते आफूहरुविरुद्ध भएको भौतिक आक्रमणहरुको कार्यविरुद्ध आपराधिक घटना भएको प्रमाणित गरी संलग्नहरुलाई हदैसम्म कारबाही गर्ने वा आफ्नो पक्षमा लाग्न बाध्य पार्न सक्ने उद्देश्यले दलहरुले संसद् पुनर्स्थापना गराउन र आफ्नो नेतृत्वमा सरकार गठन गराउन इच्छुक देखिन्छन् । तसर्थ उनीहरु निर्वाचनमा भन्दा संसद् पुनर्स्थापनामा आफ्नो सुरक्षित भविष्य देखिरहेका छन् ।

यसका साथै सिधै निर्वाचन भयो भने नयाँ राजनीतिक शक्तिहरुको उदय हुन सक्ने सम्भावना पनि उत्तिकै देखिएको छ । वैकल्पिक राजनीतिक शक्तिहरु जनतामा पुग्ने र आफ्नो दलमा ठूलो क्षति पुग्ने आँकलन ठूला दलहरुले गरेका छन् । तसर्थ उनीहरु कुनै न कुनै बहानामा तोकिएको समयमा निर्वाचन नहोस् र निर्वाचन हुने वातावरण पैदा नभएको अवस्थामा सम्मानित अदालतबाट संसद् पुनर्स्थापना गरी निकास दिन बाध्य होस् भन्ने तानाबानामा रहेका देखिन्छन् । तसर्थ निर्वाचन हुनेमा संसय बढिरहेको हो ।

एमालेले आह्वान गरेको महाधिवेशनको उद्घाटन सत्रमा भक्तपुरमा उपस्थित भएका आफ्ना कार्यकर्ताको भीडलाई देखेर नेकपा एमाले आफ्नो जनमत नघटेकोमा कताकति विश्वस्त पनि देखिन्छ । तसर्थ निर्वाचन हुने वातावरण भएमा निर्वाचनबाट आफ्नो पार्टी नभाग्ने घोषणा गर्न पनि थालेको छ । महाधिवेशनअघि र पछिको उसको सोचमा केही भिन्नता आएको छ । निर्वाचनमा आफ्नो दलका कार्यकर्ताले मात्र मत दिएर विजयी हुन नसक्नेप, त्यसको लागि जनताको ठूलो शक्तिको विश्वास जित्नुपर्ने हुन्छ । महाधिवेशनमा झरेका कार्यकर्ताले नै निर्वाचनमा कुन मानसिकता बनाउने हुन् भन्ने आँकलन गरी नसकेको एमाले निर्वाचनको नाम सुन्दा बेलाबेलामा झस्किने गरेको पनि देखिन्छ । आफू लोकतान्त्रिक पार्टी भएको कारण निर्वाचनबाट भागेको देखाउन पनि नहुने र जनताले अविश्वास नै गरिहाल्लान् भन्ने पनि नभएकोले एमाले अन्तत: निर्वाचनमा जाने नै छ । तर पनि निर्वाचनप्रति संसय किन बढिरहेको छ ?

नेपाली कांग्रेस शुरुदेखि नै निर्वाचनको पक्षमा थियो । यद्यपि वर्तमान नेतृत्वलाई अघि सारेर निर्वाचनमा जाँदा जनताको विश्वास जित्न नसक्ने आँकलन गरी निर्वाचनअघि नै विशेष महाधिवेशन गरेर नयाँ नेतृत्वका साथ निर्वाचनमा जाने कांग्रेसको केही नेताको सपना थियो । यसले पार्टीलाई झन् कमजोर बनाएको अवस्था छ । अधिकांश नेता निर्वाचनको पक्षमा भए पनि केही नेताहरु निर्वाचनमा जाँदा आफ्नो पराजय हुने त होइन भन्ने डरले निर्वाचनको साटो संसद् पुनर्स्थापनाको पक्षमा उभिएका देखिन्छन् । तर पनि जेन्जी आन्दोलन हुँदा नेकपा एमालेको नेतृत्वमा सरकार रहेको र भोलि जनताको कठघरामा उभिनुपर्दा एमालेलाई नै जनताले दोषी ठान्नेछन् र उसलाई मत दिने छैनन् जसको फाइदा नेपाली कांग्रेसले नै लिन सक्ने ठोकुवा छ ।

जेन्जी आन्दोलनपछि रास्वपा पनि कमजोर भएको कारण निर्वाचन भएमा ठूलो दल बन्न सकिन्छ भन्ने कांग्रेसलाई विश्वास भएको कारण पनि ऊ शुरुदेखि निर्वाचनको पक्षमा देखिएको छ । तर पनि विशेष महाधिवेशनपछि सृजित अवस्थाले कांग्रेसलाई कहाँ पुऱ्याउँछ ? यसै भन्न सक्ने अवस्था नभएकोले अन्तत: निर्वाचनलाई दाउमा राख्न कांग्रेस पनि पछि नपर्ला भन्ने छैन । तसर्थ निर्वाचनप्रतिको संसयमा नेकाको पनि मलजल पुग्ने नै देखिन्छ ।

तत्कालीन माओवादीलगायतका दलहरूले नयाँ निर्वाचन भएमा थप शक्तिशाली बन्न सकिन्छ भन्ने मान्यतामा रहेका कारण शुरुदेखि नै निर्वाचनको स्वागत गरेको देखिन्छ । समाजवादीलगायत करिब दर्जन बढी सानातिना राजनीतिक दलहरुलाई एकीकृत गरेर नेपाली कम्युनिस्ट पार्टी बनाएका प्रचण्ड, माधवकुमार निर्वाचन हुनुपर्छ भन्ने मान्यतामा छन् । तोकिएको समयमा निर्वाचन भएमा रास्वपासमेतसँग कार्यगत एकता गरेर ठूला दललाई हैसियत देखाइदिने सोचमा प्रचण्ड रहेकाले नेकपा निर्वाचनप्रति उत्सुक देखिन्छ ।

रास्वपाले आफूलाई वैकल्पिक शक्ति ठानेको छ । केही समयअघि साझा पार्टीलाई आफ्नो पार्टीमा समाहित गर्न सकेको र मुलुककै आकर्षक व्यक्तित्वको रुपमा आफूलाई स्थापित गर्न सफल महानगरपिता बालेनसमेत माओवादीको वरिष्ठ नेता बन्ने मात्र नभई भावी प्रधानमन्त्रीको रुपमा प्रस्ताव गरिएको उत्साहजनक अवस्थामा त्यो शक्तिको सदुपयोग गर्दै आगामी निर्वाचनमा राम्रै नतिजा हासिल गर्न सकिन्छ भन्ने सोच राखेर ऊ पनि शुरुदेखि नै निर्वाचनको पक्षमा रहेको देखिन्छ । अझ सभापति रवि लामिछाने धरौटी राखी हिरासतमुक्त भएपछि भिन्नै किसिमको जनलहर आएको भन्ने कुरामा ऊ ढुक्क देखिन्छ । रास्वपाको यो विश्वासलाई जनताले कुनरुपमा लिनेछन्, त्यो त निर्वाचनमा नै देखिनेछ यद्यपि रास्वपा निर्वाचनको पक्षमा छ र ऊ ठूला दलहरुलाई निर्वाचनको लागि लल्कार्दै जनताको घरदैलोमा जान शुरु गरिसकेको छ ।

जेन्जी आन्दोलनमा राजतन्त्रको कुरा नउठेको, राजाले पनि मौका पाउँदा सहास नदेखाएको कारण अहिले नै निर्वाचनमा जाँदा आफ्नो विचारको सम्मान नहुन सक्ने डर राप्रपामा देखिन्छ । तसर्थ ऊ जनताको ध्यान आकर्षित गर्नको लागि निर्वाचन भन्नुभन्दा पनि आन्दोलनको एजेन्डा छर्न व्यस्त देखिन्थ्यो । निर्वाचन हुनुभन्दा संसद् पुनर्स्थापना हुनु राप्रपाको लागि प्रभावकारी हुने भए पनि संसद् पुनर्स्थापनाको लागि ऊ अदालत पुगेको छैन । आन्दोलनको आडमा जनताको ध्यान तान्नै परेछ भने निर्वाचनमा पनि जानुपर्छ भन्ने मान्यता राप्रपाले राखेको देखिन्छ । ठूला दलले निर्वाचनको वातावरण बनाए राप्रपा निर्वाचनप्रति लचिलो र ठूला दलहरुले निर्वाचनमा भाँजो हाल्न उद्यत भए आन्दोलन आदिको माध्यमबाट जनताको ध्यानाकर्षण कसरी गराउने भन्ने उपायमा रहने देखिन्छ ।

आज कैयौं नयाँ दलहरु खुलेको अवस्था छ । ती दलहरुमध्ये कैयौंलाई लागेको छ, यही रन्कोमा निर्वाचनमा जान सकियो भने केही मात्रामा भए पनि जनताको विश्वास पाउने, जनताको ध्यानाकर्षण हुने । कैयौं नयाँ दलहरु अलमलमा छन्, दर्ता त गरियो तर कसरी आफ्नो दललाई पार्टीको रुपमा उभ्याउने भनेर । उनीहरु अस्तित्वको लागि प्रयास गर्दै छन् । यस्तोमा नयाँहरु कोही निर्वाचनको पक्षमा छन् भने कोही निर्वाचन सऱ्यो भने आफूलाई बिस्तारै क्रियाशील बनाउन सकिएला भन्ने आशामा रहेका छन् । हिजोको लौरो र घण्टीको झैं माहोल बनाउन सकिएला भन्ने विश्वासमा रहेका नयाँ दलहरु निर्वाचनप्रति उत्सुक नै देखिन्छन् । तसर्थ निर्वाचनप्रति संसय गर्नुपर्ने आवश्यक छैन ।

*(साभार: न्यूज अफ नेपाल)*

# किन खुम्चिँदै छ नेपालको धान उत्पादन ?

काठमाडौं/मुलुकको खाद्य सुरक्षाको मुख्य आधार मानिएको धान बालीले यसपालि ठूलो धक्का खाएको छ । एक त धान रोप्ने बेलामा किसानले मल अभाव बेहोरे । अर्को, लामो समय परेको खडेरीले समयमै धान रोपाइँ हुन सकेन । यस वर्ष तराईमा मनसुन ढिलो गरी सक्रिय हुँदा त्यसको सिधा असर धान रोपाइँमा देखियो । नेपालको 'अन्न भण्डार' मानिने मधेस प्रदेश यसबाट सबैभन्दा बढी प्रताडित बन्यो । त्यहाँका किसानले ढिलै भए पनि रोपाइँ गर्ने प्रयत्न गरे, तर गत वर्षको तुलनामा १० प्रतिशत खेत बाँझै रहन पुग्यो ।



जसोतसो धान रोपाइँ भयो । तर, असोज र कात्तिक दोस्रो साता परेको बेमौसमी वर्षाले पाकेको र पाक्न लागेको धानमा ठूलो क्षति पुऱ्यायो । गत असोज र कात्तिकमा आएको बेमौसमी झरी र बाढीले कृषि क्षेत्रमा साढे ६ अर्ब रुपैयाँभन्दा बढीको आर्थिक क्षति भएको प्रतिवेदन कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सार्वजनिक गरिसकेको छ । मन्त्रालयले ४ माघमा सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८२/८३ को प्रारम्भिक अनुमान अनुसार धान उत्पादन, क्षेत्रफल र उत्पादकत्व तीनै सूचकमा गत वर्षको तुलनामा कमी देखिएको छ । यस वर्ष धान उत्पादनमा ४.२० प्रतिशतले ह्रास आई ५७ लाख ५ हजार १ सय २६ टनमा सीमित हुने देखिएको छ ।

गत आव २०८१/८२ मा ५९ लाख ५५ हजार ४ सय ७६ टन धान उत्पादन भएको थियो । उत्पादन मात्र होइन, यस वर्ष धान क्षेत्रफलमा पनि ३.८ प्रतिशतले संकुचन आएको छ । गत वर्ष १४ लाख २० हजार ६ सय ३६ हेक्टरमा धान खेती गरिएकोमा यस वर्ष १३ लाख ६७ हजार ७२ हेक्टरमा मात्र खेती भएको छ । उत्पादकत्व पनि प्रतिहेक्टर ४.१९ टनबाट घटेर ४.१४ टनमा खुम्चिएको छ ।

राष्ट्रिय अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान २४.१६ प्रतिशत छ, जसमा धानको मात्रै १२ प्रतिशत हिस्सा छ । धान उत्पादनमा आएको यो गिरावटले मुलुकको कुल गार्हस्थ उत्पादन (जीडीपी) र आम उपभोक्ताको भान्साको मूल्यसूचीमा समेत प्रत्यक्ष प्रभाव पार्ने सरोकार वाला बताउँछन् ।

**बेमौसमी झरीले धान सखाप**

यो वर्ष उत्पादन घट्नुको एउटा मुख्य कारण असोज र कात्तिकमा आएको विनाशकारी बेमौसमी वर्षा र बाढी पनि हो । मन्त्रालयको क्षति प्रतिवेदन अनुसार उक्त बाढीले कृषि क्षेत्रमा पुऱ्याएको कुल ६ अर्ब ६७ करोड रुपैयाँको क्षतिमध्ये ५३ प्रतिशत हिस्सा धान बालीको मात्रै छ । कृषि मन्त्रालयले २३ असोज २०८२ मा सहसचिव जगन्नाथ तिवारीको संयोजकत्वमा गठन गरेको समितिले तयार पारेको तथ्यांक अनुसार धान बालीमा मात्रै कुल ३ अर्ब ५३ करोड २३ लाख रुपैयाँ बढीको प्रत्यक्ष आर्थिक क्षति भएको छ । असोजको बाढी (१७-१९ गते) १० हजार ८ सय ४० हेक्टर क्षेत्रफलको धान खेती प्रभावित हुँदा ८६ करोड ८२ लाख ७३ हजार रुपैयाँ बराबरको क्षति भयो । यसबाट २७ हजार ७ सय २९ टन उत्पादन घट्यो ।

त्यस्तै कात्तिकको झरी (१५-१७ गते) ले झन् ठूलो क्षति भयो । २० हजार १ हेक्टरमा लगाइएको धान नष्ट हुँदा २ अर्ब ६६ करोड ४१ लाख बराबर नोक्सानी भयो । यसबाट ७५ हजार ६ सय ७४ टन उत्पादन घट्यो । यी दुई महिनामा मात्रै करिब १ लाख ३ हजार ४ सय ३ टन धान खेतमै सखाप भयो ।

**दीर्घकालीन समस्याः बसाइँसराइदेखि घडेरीकरणसम्म**

उत्पादन घट्नुमा बाढी त एउटा तात्कालिक कारणमात्र थियो, तर धान क्षेत्रफल घट्नुका पछाडि गहिरा सामाजिक र आर्थिक समस्या लुकेका छन् । मन्त्रालयका अनुसार पहाडी क्षेत्रमा तीव्र रूपमा भइरहेको बसाइँसराइ र युवा जनशक्ति वैदेशिक रोजगारीमा जाँदा ठूलो मात्रामा खेतीयोग्य जमिन बाँझो पल्टिएको छ ।

त्यस्तै तराई र सहरी क्षेत्रमा बढ्दो जनसंख्या चापसँगै खेतीयोग्य जमिन प्लटिङ गरी घडेरी र औद्योगिक क्षेत्रमा परिणत गर्ने क्रम रोकिनुको सट्टा झन् बढ्दो छ । किसानले धानको सट्टा व्यावसायिक फलफूल र अन्य नगदे बालीतर्फ रुचि देखाउनुलाई पनि क्षेत्रफल घट्नुको कारण मानिएको छ ।

अर्कातर्फ, मधेस प्रदेशमा धान रोपाइँका बेला परेको चर्को खडेरीले धेरै किसानलाई धान रोप्नबाटै वञ्चित गराएको थियो । मन्त्रालयले यस वर्ष उन्नत बिउ र रासायनिक मल उपलब्धता पर्याप्त रहेको दाबी गरे पनि मौसमको प्रतिकूलता र खडेरीले उत्पादकत्वमा गिरावट ल्याएको निष्कर्ष निकालेको छ ।

**राष्ट्रिय खाद्य सुरक्षामा चुनौती**

मन्त्रालयका सहसचिव रामकृष्ण श्रेष्ठ नेपालमा धान खेतीको क्षेत्रफल निरन्तर घट्दै जानु राष्ट्रिय खाद्य सुरक्षाका लागि ठूलो चुनौती भएको बताउँछन् । मुलुकमा स्थानीय उत्पादनले माग धान्न नसक्दा बर्सेनि ठूलो परिमाणमा खाद्यान्न आयात हुँदै आएको छ । सहसचिव श्रेष्ठका अनुसार नेपालमा पछिल्लो २० वर्षमा प्रतिवर्ष धान क्षेत्रफल ०.३६ प्रतिशतले घट्दै गएको छ । 'यो चाहिँ हाम्रा लागि, खाद्य सुरक्षाका लागि ठूलो चुनौती हो,' उनी भन्छन्, 'यो तथ्यांक देख्दा त हामी एकदमै निराश छौं, दुःखी छौं, अबका केही वर्षमा हाम्रो धान खेतीको अवस्था के हुने हो भनेर ।'

सरकारी तथ्यांकले नेपालमा धान खेती हुने क्षेत्रफल, कुल उत्पादन र उत्पादकत्वमा निकै उतारचढाव देखाउँछ । आव २०७६/७७ मा १४ लाख ५८ हजार ९ सय १५ हेक्टर क्षेत्रफलमा धान खेती गरिएको थियो । जसबाट ५५ लाख ५० हजार ८ सय ७८ टन धान उत्पादन भएको थियो भने उत्पादकत्व ३.८० टन प्रतिहेक्टर रहेको थियो । २०७७/७८ मा धान खेतीको क्षेत्रफल र उत्पादन दुवैमा वृद्धि भयो । १४ लाख ७३ हजार ४ सय ७४ हेक्टरमा खेती हुँदा ५६ लाख २१ हजार ७ सय १० टन धान फलेको थियो । उत्पादकत्व बढेर ३.८२ टन पुगेको थियो ।

यस्तै २०७८/७९ मा क्षेत्रफल बढेर १४ लाख ७७ हजार ३ सय ७८ हेक्टर पुगे पनि यो वर्ष उत्पादनमा ठूलो गिरावट आयो । प्रतिकूल मौसमका कारण उत्पादन घटेर ५१ लाख ३० हजार ६ सय २५ टनमा खुम्चियो भने उत्पादकत्व पनि घटेर ३.४७ टनमा झरेको थियो । २०७९/८० मा क्षेत्रफल घटेर १४ लाख ४७ हजार ७ सय ८९ हेक्टरमा सीमित भयो, तर उत्पादनमा सुधार हुँदै ५४ लाख ८६ हजार ४ सय ७२ टन पुग्यो । उत्पादकत्व ३.७९ टन प्रतिहेक्टर कायम भयो ।

२०८०/८१ मा उत्पादनमा थप सुधार देखियो । १४ लाख ३८ हजार ८ सय ९८ हेक्टर क्षेत्रफलमा ५७ लाख २४ हजार २ सय ३४ टन धान उत्पादन भयो । यस वर्ष उत्पादकत्व ३.९८ टन प्रतिहेक्टर पुगेको थियो । गत आव नेपालले धान उत्पादनमा नयाँ रेकर्ड कायम गऱ्यो । १४ लाख २० हजार ६ सय ३६ हेक्टर क्षेत्रफलमा ५९ लाख ५५ हजार ४ सय ७६ टन धान उत्पादन भयो । यससँगै उत्पादकत्वले पहिलो पटक ४ को अंक पार गर्दै ४.१९ टन प्रतिहेक्टर पुगेको मन्त्रालयको तथ्यांकले देखाउँछ ।

सहसचिव श्रेष्ठले खेती योग्य जमिन मासिँदै जानुमा भूउपयोग नीति कार्यान्वयन नहुनुलाई प्रमुख कारण मानेका छन् । 'भूउपयोगको जुन कानुन बनेको छ, त्यसलाई अलि शीघ्र कार्यान्वयन गर्नुपऱ्यो, पालिकाहरूले त्यो वर्गीकरण अझै सिध्याएका छैनन्,' उनले पालिकाहरूको भूमिकाप्रति असन्तुष्टि जनाए, 'वर्गीकरण गर्दा पनि कृषियोग्य भूमि नराख्ने प्रवृत्ति देखिएको छ, त्यसले खेतीयोग्य जमिन मासिँदै जाने र भोलि त्यसको प्रत्यक्ष असर खाद्य सुरक्षामा पर्ने देखिन्छ ।'

अहिले घटेको तथ्यांकले केही न केही असर पारे पनि त्यसले बजार मूल्यलाई नै उथलपुथल गर्ने गरी असर गरिनहाल्ने उनको तर्क छ 'हाम्रो एउटा नियमित रूपमा आयात भइराख्ने ट्रेन्ड भएको हुँदा बजार मूल्य बढ्ने, अभाव हुने भन्ने अवस्था अहिले देखिँदैन,' उनले भने । यद्यपि, स्थानीयस्तरमा भने समस्या देखिने उनले बताए । 'धान भिज्यो, भिजेका कारणले पकेट-पकेटमा कतिपय ठाउँमा धानको गुणस्तर कमजोर भएको छ, कतिपय त खराबै भयो, त्यस्तो ठाउँमा आफ्नो उत्पादन नभएपछि बजारबाट किन्नुपर्ने अवस्था चाहिँ आउन सक्छ,' उनले थपे ।

धानलाई नेपालको 'रणनीतिक बाली' को संज्ञा दिँदै सहसचिव श्रेष्ठले खाद्य सुरक्षालाई राष्ट्रिय सुरक्षासँग जोडेर हेर्नुपर्ने बताए । 'सबैभन्दा धेरै त हामी भातै खान्छौं, त्यसकारण धानमा हामी आत्मनिर्भर हुनुपर्छ,' उनले भने, 'सरकारको नीति पनि आत्मनिर्भर हुने भन्ने नै छ ।'

**प्रविधिमार्फत तथ्यांक विश्लेषण**

मन्त्रालयले यस वर्षको तथ्यांकलाई विगतभन्दा बढी विश्वसनीय बनाउन अत्याधुनिक 'रिमोट सेन्सिङ २०२५' प्रविधि प्रयोग गरेको बताएको छ । इसिमोडसँगको प्राविधिक सहकार्यमा भूउपग्रहबाट लिइएका तस्वीर आधार मानेर क्षेत्रफल र उत्पादन अनुमान गरिएको मन्त्रालयकी सहसचिव तथा प्रवक्ता डा. जानुका पण्डितले बताइन् ।

सात वटै प्रदेशका कृषि मन्त्रालय, स्थानीय तह र राष्ट्रिय कृषि आधुनिकीकरण परियोजनाका इकाइबाट प्राप्त बाली कटानीको तथ्यांक 'ट्र्यांगुलेसन' विधिबाट प्रमाणीकरण गरी यो अन्तिम विवरण तयार पारिएको प्रवक्ता डा. पण्डितको भनाइ छ ।

बाढी र सामाजिक-आर्थिक कारण धान उत्पादनमा आएको यो गिरावटले नेपालको खाद्य परनिर्भरता झनै बढाउने देखिन्छ । अर्बौंको चामल आयात भइरहेको अवस्थामा आन्तरिक उत्पादन घट्नुले व्यापार घाटा थप उकास्ने छ । भन्सार विभागको तथ्यांक अनुसार चालु आव पाँच महिना (साउन-मंसिर) सम्म मात्रै १५ अर्ब ४३ करोड ८६ लाख ५ हजार रुपैयाँ बराबरको ३ लाख १ हजार ८ सय ९१ टन धानचामल आयात भएको छ ।

गत आव २०८१/८२ मा ३९ अर्ब ८८ करोड ३५ लाख ८७ हजार रुपैयाँको धान र चामल आयात भएको थियो । २०८०/८१ मा ९ अर्ब २९ करोडको चामल र १२ अर्ब ९४ करोडको धान तथा २०७९/८० मा १५ अर्ब ६३ करोडको चामल र २० अर्ब ७५ करोडको धान आयात भएको सरकारी तथ्यांक छ ।

**सरकारी तथ्यांक "कागजी उपलब्धि" मात्र : कृषि अभियन्ता**

कृषि मन्त्रालयले सार्वजनिक गर्ने उत्पादनका तथ्यांक केवल सरकारी ओहोदामा बस्नेहरूको 'कागजी उपलब्धि' मात्र बनेको र यसले वास्तविक किसानको पीडा सम्बोधन गर्न नसकेको टिप्पणी कृषि अभियन्ताहरूले गरेका छन् । सरकारले उत्पादन बढ्दा आफ्नो पौरख ठान्ने तर घट्दा प्रकृतिको थाप्लोमा दोष थोपरेर पन्छिने गरेको खाद्यका लागि कृषि अभियान संयोजक उद्धव अधिकारीको आरोप छ ।


'उत्पादन बढ्नुमा आफ्नो भूमिका देख्ने तर घट्दा चाहिँ बेमौसमी वर्षा र जलवायु परिवर्तनलाई देखाएर पन्छिने रोग नै लागेको छ,' अधिकारी भन्छन्, 'यो सरासर जिम्मेवारीबाट भाग्ने प्रवृत्ति हो, तर बाली नष्ट हुँदा एक्लै लगानी गर्ने किसानको ऊर्जा कसरी जोगाउने भन्ने चिन्ता राज्यसँग छैन ।' सरकारले चैते धान वा अन्य उत्पादन प्रवर्द्धन गर्ने कुरा गरे पनि बजारमा किसान सधैं ठगिएको उनको भनाइ छ ।

*(स्रोतः अनलाइनखबर)*

# फागुन १ मा थुप्रिए फिल्म, 'श्री बुकुरो' पनि प्रदर्शन हुने

काठमाडौं/यस वर्षको फागुन पहिलो साता सार्वजनिक विदाले भरिएको छ । ३ गते महाशिवरात्रि, ६ गते ल्याल्पो ल्होछार र ७ गते प्रजातन्त्र दिवसको विदा परेको छ । शनिबारबाहेक एक सातामै तीनवटा विदा परेपछि यतिबेला फागुन १ गतेलाई फिल्मको प्रदर्शन मिति घोषणा गर्न निर्माताहरूबीच होडबाजी नै चलेको छ । अहिलेसम्म पाँचवटा फिल्मले उक्त मिति रोजिसकेका छन् ।

फागुन १ गते 'लालीबजार', 'कल्ली', 'शिवांश' र 'बिगुल' प्रदर्शन हुने तयारीमा छन् भने अब उक्त मितिमा अर्को फिल्म 'श्री बुकुरो' थपिएको छ । सोमबार निर्माण पक्षले स्केच पेन्टिङ पोस्टर सार्वजनिक गर्दै फिल्मको प्रदर्शन मिति घोषणा गरेको हो । पारिवारिक कथाको संकेत गर्ने पोस्टरमा फिल्मका सम्पूर्ण मुख्य कलाकारहरूलाई प्रस्तुत गरिएको छ ।




यो फिल्मलाई सुदीप भुपाल सिंहले निर्देशन गरेका हुन् । उनले यसअघि 'माला' र 'रुद्रप्रिया'का निर्देशन गरेका थिए । पछिल्लो समय सामाजिक पारिवारिक फिल्मले बक्स अफिसमा उत्साहजनक व्यापार गरिरहेकाले 'श्री बुकुरो'को विशुद्ध पारिवारिक कथालाई पनि दर्शकले रुचाउनेमा उनी विश्वस्त छन् । उनका अनुसार यतिबेला फिल्मको पोस्ट प्रोडक्सनको काम भइरहेको छ ।

फिल्म रेञ्जको ब्यानरमा निर्माण भएको यस फिल्ममा आशीर्वाद क्षेत्री, लक्ष्मी गिरी, निकिता आचार्य, प्रतिकराज आचार्य, रोशनी कार्की, राजन इशान, दीपिका थापा, लय संग्रौला, मोहन निरौला, रश्मी भट्ट लगायतको अभिनय छ । निर्देशक सिंह स्वयंको लेखन रहेको फिल्मलाई रुबी सेन सिंहले निर्माण गरेकी हुन् । यसमा सञ्जय लामा र राजेश श्रेष्ठको छायांकन छ ।

# माघ ९ बाट हटेको 'बिगुल' अब फागुन १ मा आउने

काठमाडौं/अभिनेत्री बेनिशा हमालको मुख्य भूमिका रहेको फिल्म 'बिगुल'को नयाँ प्रदर्शन मिति तय गरिएको छ । यसअघि माघ ९ गते प्रदर्शन हुने भनिएको यो फिल्म अब महाशिवरात्रिको छेको पारेर फागुन १ गतेबाट हलमा लाग्नेछ । यो मितिमा फिल्मले सोलो रिलिज भने पाउने छैनन् । यसअघि नै चार फिल्म 'लालीबजार', 'कल्ली', 'शिवांश' र 'श्री बुकुरो'ले उक्त मिति रोजिसकेका छन् ।




रमेश कोइरालाको निर्देशनमा बनेको यस फिल्ममा बेनिशासहित रमेश बुढाथोकी, नरेन खड्का, नीर शाह, सरोज खनाल, हेमन्त बुढाथोकी, शिशिर वाङ्देल, विनोद न्यौपाने लगायतको अभिनय रहेको छ । दिनेश कोइराला फिल्मका निर्माता हुन् । उनी स्वयंको कथा रहेको फिल्ममा कल्पना पौडेल प्रस्तुतकर्ता तथा सूर्य कान्त कोइराला र महेश कोइराला सह-निर्मातामा छन् ।

राजनीतिमा युवाको हस्तक्षेपलाई मुख्य कथावस्तु बनाइएको यस फिल्ममा प्रदीप भारद्वाज र मौनता श्रेष्ठको पटकथा तथा संवाद, शिव ढकालको छायांकन, कमल राई र कविराज गहतराजको नृत्य, एनबी महर्जनको द्वन्द्व निर्देशन, विश्वप्रकाश शर्मा (कांग्रेसका नेता), अर्जुन पोखरेल र मनोज चौलागाईंको संगीत तथा तारा थापा (किम्भे)को सम्पादन रहेको छ ।

# अवसरवादी भएको आरोपबारे के भन्छिन् रीमा ?

साझाकुरा संवाददाता

काठमाडौं/अभिनेत्री रीमा विश्वकर्माले राजनीतिक यात्रा सुरू गरिसकेकी छन् । पूर्व ऊर्जामन्त्री कुलमान घिसिङ नेतृत्वको उज्यालो नेपाल पार्टीबाट राजनीतिमा होमिएकी उनी अहिले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)मा छिन् । घिसिङको पार्टी रास्वपामा समाहित हुने भएपछि उनलाई सामानुपातिक सूचीमा राखिएको थियो । पछि उज्यालो पार्टी रास्वपाबाट अलगियो । तर, रीमा भने त्यहीं बसिन् ।



रास्वपाको दलित महिला क्लस्टरतर्फ पहिलो नम्बरमा रहेकी उनले आफू समानुपातिक सांसद बन्ने निश्चित देखिएपछि कुलमानको साथ छाडेको भन्दै यतिबेला उनको आलोचना भइरहेको छ । कतिपयले उनलाई अवसरवादीको संज्ञा समेत दिएका छन् । तर, उनले जनताको एकताको चाहनालाई मध्यनजर गर्दै आफू रास्वपामै बसेको बताएकी छन् ।

आइतबार रास्वपा कार्यालय पुगेकी उनले पत्रकारसँग भनिन्, 'जनताको प्रतिनिधि पात्र भएपछि उचित समयमा देश र जनतालाई केन्द्रमा राखेर उचित निर्णय लिन सक्नुपर्छ । चाहे त्यो राजनीतिक संकटको बेला होस् वा नैतिक चुनौतीकै बेला किन नहोस् । त्यही कारण अहिले जनताको एकताको चाहनालाई मध्यनजर गर्दै मैले रास्वपाबाट राजनीतिक यात्रालाई निरन्तरता दिने निर्णय गरेँ ।'

उनले उज्यालो नेपाल पार्टीमार्फत आफूले जननेतृत्व लिने अवसर पाएकोमा कुलमानप्रति कृतज्ञता व्यक्त गरेकी छन् । भन्छिन्, 'कुलमानजीप्रति कृतज्ञ छु कि उज्यालो नेपाल पार्टीमार्फत मैले जननेतृत्व लिने अवसर पाएँ । तर, यो अवसरलाई मैले अझै प्रमाणित गर्न बाँकी नै छ । र, योसँग आइलाग्ने सबै खालका चुनौतीलाई आत्मसात गर्न म तयार छु ।'

रास्वपामै बस्ने निर्णय गरेपछि रीमा यतिबेला पार्टीका हरेक गतिविधिमा संलग्न भइरहेकी छन् । सोमबार जनकपुरमा हुन लागेको रास्वपाको चुनावी सभामा पनि उनी सहभागी भएकी छन् । अब उनी देश दौडाहामा निस्कने तयारीमा छिन् । राजनीतिक यात्रा सुरू गरेसँगै उनको पहिरनदेखि बोल्ने शैलीमा समेत परिवर्तन आएको छ । अचेल उनी साडीमा बढी देखिने गरेकी छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# पूर्वसुरक्षाकर्मी को-को उठ्दैछन् चुनाव ?

काठमाडौं/२१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आइतबार उम्मेदवारलाई टिकट बाँड्यो । जसको पहिलो नम्बरमा थिए, विश्वराज पोखरेल । टिकट पाएसँगै पोखरेल ओखलढुंगाबाट उम्मेदवार बन्ने पक्का भएको छ । टिकट प्राप्त भएपछि पोखरेलले पार्टीले पहिलो नम्बरमै राखेर टिकट दिएकोमा खुसी व्यक्त गर्दै भने, 'ओखलढुंगा मात्रै नभएर देशभर घण्टी बज्छ ।'



पार्टी प्रवेशलगत्तै चुनाव प्रचारप्रसारमा होमिएका पोखरेल तिनै व्यक्ति हुन् जो डेढ वर्ष सिनियर हुँदा पनि प्रहरीको सर्वोच्च कमान्डर (आईजीपी) बन्न पाएका थिएनन् । पोखरेलभन्दा १६ महिना जुनियर एआईजी धीरजप्रताप सिंह १८ वैशाख २०७९ मा आईजीपी बने ।

त्यसपछि पोखरेलले राजीनामा दिए । राजीनामापछि साढे तीन वर्ष गुमनाम बसेका पोखरेल अहिले चुनावी प्रचारप्रसारमा व्यवस्त छन् । यीबाहेक केही पूर्व सुरक्षाकर्मीहरू पनि अहिले दलीय राजनीतिमा प्रवेश गरेर चुनावी मैदानमा होमिएका छन् ।

**सर्वेन्द्र खनाल**

नेपाल प्रहरीका पूर्वआईजी सर्वेन्द्र खनाल पनि तेस्रो पटक चुनावमा प्रतिस्पर्धा गर्दैछन् । आफ्नै नेतृत्वमा समुन्नत पार्टी नेपाल खोलेका खनाल अहिले मधेश झरेका छन् । बारा-४ बाट चुनाव उठ्ने उनको तयारी छ ।

तराईमा आफ्नो जनमत राम्रो बताउँदै आएका खनालले उम्मेदवारी दिने संचारकर्मीलाई बताए । यसअघि पनि दुई पटकसम्म खनाल प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार बनेका थिए । २०७९ को निर्वाचनमा उनी काठमाडौं-६ बाट नेकपा एमालेबाट उम्मेदवार बनेका थिए । त्यतिबेला खनाललाई पराजित गर्दै रास्वपाका शिशिर खनाल विजयी भएका थिए । शिशिरले १४ हजार २२१ मत ल्याएर विजयी हुँदा सर्वेन्द्रले ८ हजार ९१७ मत ल्याएका थिए ।

उनै खनाल २०८० मा भएको उपनिर्वाचनमा तनहुँ-१ बाट एमालेबाटै उम्मेदवार बने । खनाललाई रास्वपाका स्वर्णिम वाग्लेले पराजित गरेका थिए । वाग्लेले ३४ हजार ९१९ मत ल्याएर विजयी हुँदा खनालले ८ हजार ४८८ मतसहित तेस्रो भएका थिए ।

**शम्भु सुस्केरा**

शम्भु सुस्केराको नामले परिचित शम्भुप्रसाद ढकाल नेपाल प्रहरीका अवकाशप्राप्त सई हुन् । सुस्केरा आगामी फागुनमा हुने प्रनितिधिसभा निर्वाचनमा झापा-४ बाट उम्मेदवार बन्ने पक्का भएको छ । रास्वपा झापाका जिल्ला सचिवसमेत रहेका सुस्केराले टिकट पाइसकेका छन् । उनी २०७९ मा सम्पन्न भएको प्रतिनिधिसभा निर्वाचनमा पनि रास्वपाबाट उम्मेदवार बनेका थिए । त्यतिबेला पनि उनले झापा-४ बाटै प्रतिस्पर्धा गरेका थिए ।

त्यतिबेला एमालेका लालप्रसाद साँवा लिम्बु (एलपी) विजयी भएका थिए । साँवाले २९ हजार ३१५ मत ल्याएर विजयी हुँदा १४ हजार ६९ मतसहित सुस्केरा तेस्रो भएका थिए । सईबाट अवकाश पाएका उनी साहित्यक क्षेत्रमा कलम चलाउँदै आएका छन् ।

**राजु पाण्डे**

राजु पाण्डे पनि रास्वपाबाटै उम्मेवार बन्दैछन् । उनलाई काठमाडौं-३ बाट उम्मेदवार बन्न पार्टीले टिकट दिइसकेको छ । काठमाडौं महानरपालिकाको नगर प्रहरी प्रमुखको रूपमा रहेका उनी निर्वाचन लड्ने उद्देश्यले राजीनामा दिएका थिए । मेयर बोलन शाहले समेत राजीनामा दिएर रास्वपा प्रवेश गर्दै झापा-५ बाट उम्मेवार बन्ने भएपछि उनका विश्वासपात्र पाण्डे पनि राजीनामा दिएर निर्वाचनमा होमिएका हुन् ।

**विक्रमसिंह थापा**

थापा नेपाल प्रहरीका पूर्वएसएसपी हुन् । नेपाली कांग्रेसबाट उम्मेदवार सिफारिस भएका थापा अहिले भने रास्वपामा प्रवेश गरेर प्रतिनिधिसभाको उम्मेदवार बनेका छन् । उनी कपिलवस्तु-२ बाट उम्मेदवार बनेका हुन् । २०७९ को निर्वाचनमा उनी नेपाली कांग्रेसबाट लुम्बिनी प्रदेशसभामा उम्मेदवार बनेका थिए । त्यतिबेला थापा पराजित भएका थिए ।

थापा कांग्रेसको महाधिवेशन प्रतिनिधिसमेत थिए । थापाले जिल्ला प्रहरी परिसर काठमाडौंको प्रमुख रहेर काम गरेका थिए । यसैगरी रास्वपाबाटै पूर्वसैनिक अधिकृत प्रणयशमशेर राणा निर्वाचन उठ्ने तयारी गरे पनि निश्चित भइसकेको छैन । यसअघि उनी रास्वपाबाटै काठमाडौं-५ मा चुनाव लडेका थिए ।

अघिल्लो निर्वाचनमा पूर्वडीआईजी नवराज सिलवाललाई एमालेले ललितपुर-१ बाट उम्मेदवार बनाएको थियो । यो पटक भने एमालेले उनलाई टिकट दिएको छैन । यसअघि निर्वाचन लडेका रमेश खरेल पनि यो पटक भने निर्वाचनमा उम्मेदवारी दिने तयारीमा देखिँदैनन् ।

# बागमती सरकारको ६ महिनाको राजश्व २५ प्रतिशत

साझाकुरा संवाददाता

हेटौंडा, ५ माघ/चालू आर्थिक वर्ष २०८२/८३ को ६ महिनामा वागमती प्रदेश सरकारले वार्षिक लक्ष्यको २५ दशमलव ८४ प्रतिशत अर्थात् १७ अर्ब ४३ करोड ५८ लाख ७७ हजार राजस्व संकलन गरेको छ ।




घरजग्गा रजिष्ट्रेसन (मालपोत) र सवारीसाधन कर प्रदेश सरकारको राजस्व संकलनको मुख्य आयस्रोत मानिन्छ । दुवै शीर्षकसहित बाँडफाँड आव २०८२/८३ मा ३० अर्ब ८९ करोड ११ लाख ८९ हजार रुपैयाँ राजस्व संकलन हुने अनुमान गरिएकामा साउनदेखि पुससम्ममा लक्ष्यको ३१ दशमलव ४८ प्रतिशत अर्थात् ९ अर्ब ७२ करोड ५० लाख २८ हजार रुपैयाँ राजस्व संकलन भएको वागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा योजना विकास मन्त्रालयका अधिकृत केशव भण्डारीले जानकारी दिए ।

उनकाअनुसार चालू आव २०८२/८३ मा घरजग्गा रजिष्ट्रेसन शीर्षकबाट ७ अर्ब ७० करोड रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य रहेकामा ६ महिनाको अवधिमा २ अर्ब १ करोड ६६ लाख ९० हजार रुपैयाँ संकलन भएको छ । प्रदेश सरकारले सवारीसाधन जाँचपास, रुट पर्मिट, सवारीचालक अनुमतिपत्र वितरण तथा नवीकरण अन्तर्गत् सवारीकर शीर्षकबाट आव २०८२/८३ मा ८ अर्ब २५ करोड रुपैयाँ अनुमान गरिएकामा पुससम्ममा २ अर्ब ६३ करोड ८३ लाख ७५ हजार रुपैयाँ संकलन गरेको छ ।

प्रदेश सरकारले बाँडफाँडबाट प्राप्त हुने मूल्यअभिवृद्धि करबापत ८ अर्ब ७९ करोड ८६ लाख ६७ हजार रुपैयाँ प्राप्त हुने अनुमान गरिएकामा यो अवधिसम्ममा ३ अर्ब ६९ करोड ५४ लाख ९० हजार रुपैयाँ संकलन भएको छ । अन्त:शुल्क करबापत ४ अर्ब ३ करोड ७९ लाख ९ हजार रुपैयाँ प्राप्त हुने अनुमान गरिएकामा १ अर्ब २८ करोड १० लाख ८२ हजार रुपैयाँ प्राप्त भएको मन्त्रालयले जनाएको छ । संघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदान अन्तर्गत १४ अर्ब ८१ करोड ९३ लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएकामा ६ महिनाको अवधिमा त्यसको ३८ दशमलव ७८ प्रतिशत अर्थात् पाँच अर्ब ७४ करोड ७५ लाख ३० हजार प्राप्त भएको अधिकृत भण्डारीले बताए ।

चालू आव २०८२/८३ मा प्रदेश सरकारको आन्तरिक स्रोतबाट संकलित राजस्वबाट ४ अर्ब ७७ करोड ७४ लाख २५ हजार रुपैयाँ प्राप्त हुने अनुमान गरिएकामा ६ महिनाको अवधिमा लक्ष्यको ३९ दशमलव १९ प्रतिशत अर्थात् १ अर्ब ८७ करोड २२ लाख ४५ रुपैयाँ हजार प्राप्त भएको मन्त्रालयले जनाएको छ । आर्थिक तरलताका कारण घरजग्गा तथा नयाँ सवारी साधन खरीद-विक्री कारोबारमा आएको कमी, गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा प्रदेश सरकारको राजस्व संकलन गर्ने विभिन्न निकायमा पुगेको क्षतिलगायत कारणले अपेक्षाकृत राजस्व संकलन हुन नसकेको मन्त्रालयको भनाइ छ ।

# निर्वाचनको संवेदनशीलतामा सञ्चार माध्यम जिम्मेवार हुनुपर्छ:बिडारी



साझाकुरा संवाददाता

हेटौंडा, ५ माघ/देश निर्वाचनको संघारमा प्रवेश गरिरहेको वर्तमान सन्दर्भमा सञ्चार माध्यमले अझ जिम्मेवार, संयमित र संवेदनशील भूमिका निर्वाह गर्नुपर्नेमा प्रेस काउन्सिल नेपालका सदस्य शान्तराम बिडारीले जोड दिएका छन् ।

नेपाल पत्रकार महासंघ चितवन शाखाले आयोजना गरेको छलफल तथा भेटघाट कार्यक्रममा उनले निर्वाचनजस्तो संवेदनशील समयमा सञ्चारमाध्यम सत्य, तथ्य र प्रमाणमा आधारित हुन नसके लोकतन्त्र नै प्रभावित हुने चेतावनी दिए । नेपाल पत्रकार महासंघ चितवन शाखाका अध्यक्ष बसन्तराज पराजुलीको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा बिडारीले निर्वाचन आचारसंहिता र पत्रकार आचार संहिताको पूर्णपालना गर्दै व्यावसायिक पत्रकारिता गर्न आग्रह गरे । उनले भने, 'प्रेस काउन्सिल मिडियाको संरक्षक हो तर, आवश्यक परेमा पीडित नागरिकको पक्षमा उभिनुपर्ने दायित्व पनि काउन्सिलकै हो ।'

बिडारीले संवेदनशील समयमा भ्रामक सूचना, अफवाह र अनावश्यक प्रचारबाजी बढ्ने भएकाले यो समय सञ्चारमाध्यमका लागि कडा परीक्षा हुने उल्लेख गरे । विशेषगरी डिजिटल मिडियामा आचारसंहिता उल्लंघनका घटना तुलनात्मकरुपमा बढी देखिने गरेको बताउँदै उनले यसप्रति थप सजग र जिम्मेवार हुन पत्रकारलाई आग्रह गरे । कुनै समस्या, दबाब वा अन्योलको अवस्था आएमा प्रेस काउन्सिलका फोकल पर्सनमार्फत् जानकारी गराउन पनि उनले सुझाव दिए । पत्रपत्रिका वर्गीकरणको विषयमा बिडारीले प्रेस काउन्सिल पत्रपत्रिका जोगाउने अभियानमै रहेको स्पष्ट पारे ।

वर्गीकरण प्रक्रिया प्रभावकारी, निष्पक्ष र वस्तुगत बनाउने प्रयास निरन्तर भइरहेको उल्लेख गर्दै उनले नेपाल पत्रकार महासंघसँगको भेटघाट र सहकार्यलाई अझ घनिभूत बनाइने उद्घोष गरे । कार्यक्रममा उठेका प्रश्नबारे प्रतिक्रिया दिँदै बिडारीले लोककल्याणकारी विज्ञापन, वर्गीकरण प्रक्रिया, बीमा भुक्तानी, कागजात बुझाउने झन्झट तथा विज्ञापन बोर्डको कटौतीजस्ता विषयमा छलफल र सुधार आवश्यक रहेको स्वीकार गरे । काउन्सिल केवल छलफलमै सीमित नरही कार्यान्वयनमा केन्द्रित हुने उनको भनाइ थियो ।

# दुईबस्ती पिउनेपानी व्यवस्थापन समिति अध्यक्षमा पुन: श्रेष्ठ



साझाकुरा संवाददाता

हेटौंडा, ५ माघ/हेटौंडा-११ मा रहेको दुईबस्ती पिउनेपानी व्यवस्थापन समितिको अध्यक्षमा पुन: देवकुमार श्रेष्ठ चयन भएका छन् ।

समितिको ११ औं अधिवेशनबाट श्रेष्ठको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति चयन भएको हो । समितिको उपाध्यक्षमा सुभद्रा रिमाल, सचिवमा कृष्णप्रसाद खनाल, सहसचिवमा पार्वती हेवनीय तथा कोषाध्यक्षमा महेन्द्र पाण्डे चयन भएका छन् । त्यसैगरी सदस्यमा रामचन्द्र कठायत, लक्ष्मण बानियाँ, सुधा पुडासैनी, शिवप्रसाद अगस्ती, माधुरी राना र पुष्पराज मगर रहेका छन् । समितिका अध्यक्ष श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा हेटौंडा-११ की वडाध्यक्ष जुना दाहाल प्रमुखअतिथि रहेकी थिइन् । कार्यक्रममा अध्यक्ष श्रेष्ठले संस्थाको वार्षिक प्रगति प्रतिवेदन र कोषाध्यक्ष पाण्डेले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

३०१ घरधुरी उपभोक्ता रहेको यस समितिले खानेपानी क्षेत्रमा अतुलनीय योगदान पुऱ्याएको भन्दै पूर्ववडाध्यक्ष काशीनाथ बजगाईलाई परोपकार सम्मान प्रदान गरिएको थियो । समितिका अध्यक्ष श्रेष्ठले आगामी आर्थिक वर्षमा बृहत् खानेपानी योजनाअन्तर्गत नयाँ पानीको स्रोतबाट लिफ्टीङ प्रणालीमार्फत् पानी शुद्धीकरण प्लान्टमा पुऱ्याई शुद्ध खानेपानी वितरण गरिने तथा क्रमश: विभिन्न खानेपानी समितिबीच एकीकरण गरिने जानकारी दिए ।

कार्यक्रममा जिल्ला विकास समितिका पूर्वसभापति रामेश्वर राना, डाङडुङ्गे सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष शालिकराम पुडासैनी, समितिका पूर्वअध्यक्ष ठाकुरप्रसाद पौडेल, जिम्बाडाँडा खानेपानी समितिका अध्यक्ष लालकृष्ण प्याकुरेल, सडकक्षेत्र खानेपानी समितिका अध्यक्ष ध्रुवप्रसाद पराजुली, सरस्वती खानेपानी समितिका सचिव देवप्रसाद ढकाल, डाङडुङ्गे टोल विकास संस्थाका अध्यक्ष प्रभाकर पुडासैनी, भैरवकुञ्ज टोलका अध्यक्ष मेघनाथ रेग्मी, दुम्सीडाँडा टोल विकास संस्थाका अध्यक्ष शिव प्रसाद अगस्तीलगायतको आतिथ्य रहेको थियो ।

# श्रमिक क्रियाशील समूहको वार्षिकोत्सव सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, ५ माघ/श्रमिक क्रियाशील समूह ८ औं वर्षमा प्रवेश गरेको छ । समूहले आयोजना गरेको वार्षिकोत्सव कार्यक्रमको प्रमुखअतिथिका रुपमा विद्यालयका प्रधानाध्यापक श्रीराम दाहाल रहेका थिए ।

कार्यक्रममा पूर्वप्रधानाध्यापक खुशीलाल मोक्तान, तेजबहादुर लामा, कुमार बानियाँ, बलराम राणालगायत भूतपूर्व शिक्षक तथा पूर्वविद्यार्थी सहभागी थिए । श्रमिक क्रियाशीलले भूतपूर्व शिक्षक तथा पूर्वप्रधानाध्यापकलाई विशेष सम्मान प्रदान गरेको थियो । सम्मान कार्यक्रम पूर्वविद्यार्थीद्वारा आयोजना गरिएको हो । कार्यक्रममा श्रमिक क्रियाशीलका उपाध्यक्ष कर्साङ लामाले संस्थाको उद्देश्य, गतिविधि तथा समुदायप्रतिको प्रतिबद्धताबारे प्रकाश पारे ।

७० जना भन्दा बढी पूर्वविद्यार्थीको सहभागिता रहेको कार्यक्रमको सभाध्यक्षता श्रमिक क्रियाशीलकी अध्यक्ष सपना लामाले गरेकी थिइन् । लामाले संस्थाको आर्थिक पारदर्शिता र आत्मनिर्भरता उल्लेख गर्दै 'हाम्रो फण्ड हामी आफैंले संकलन गरेका हौं । कुनै संस्थाबाट सहयोग लिइएको छैन । टिमभित्रका सदस्यको राय तथा सहमतिका आधारमा रकम संकलन गरी कार्यक्रम सञ्चालन गर्दै आएको र आगामी दिनमा अझै व्यापक सहयोग र गतिविधि विस्तार गर्ने लक्ष्य राखेको जानकारी दिइन् । कार्यक्रमले श्रमिक क्रियाशीलको समूह एकता, समर्पण र आत्मनिर्भरताको सन्देश प्रवाह गरेको जनाइएको छ ।

# ज्ञानदीपले रजत महोत्सव २०८२ मनाउने



साझाकुरा संवाददाता

हेटौंडा, ५ माघ/ज्ञानदीप बहुउद्देश्यीय सहकारी संस्था र ज्ञानदीप शिक्षा निकेतन माध्यमिक विद्यालयले ज्ञानदीप रजत महोत्सव २०८२ मनाउने भएको छ ।

सहकारी एवम् विद्यालयको २५ औं वार्षिकोत्सवको अवसरमा रजत महोत्सव मनाउन लागिएको सोमबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको छ । माघ ८ गतेदेखि १८ गतेसम्म विभिन्न कार्यक्रम गरी महोत्सव मनाइने सहकारीका सचिव लिलानाथ ढुंगेलले जानकारी दिएका छन् । सचिव ढुंगेलका अनुसार माघ ८ गते जिल्लास्तरीय छात्रा बुद्धिचाल प्रतियोगिता, ९ र १० गते हेटौंडा उपमहानगरपालिकास्तरीय छात्र भलिबल प्रतियोगिता, १० गते नै नगरस्तरीय विद्यार्थी हाजिरीजवाफ प्रतियोगिता हुनेछ ।

अभिभावक एवम् शेयर सदस्यबीच युगल ब्याडमिन्टन प्रतियोगिता माघ ९ र १० गते, नगरस्तरीय स्थलगत चित्रकला र स्थलगत निबन्ध लेखन प्रतियोगिता माघ ९ गते, माघ ११ गते ज्ञानदीप समुदाय सहयोग कार्यक्रम र १८ गते रक्तदान कार्यक्रम गरिने सचिव ढुंगेलले जानकारी दिए । विद्यालयले माघ ११ गतेदेखि १४ गतेसम्म विद्यालयको प्राङगणमा ज्ञानदीप खेलकुद सप्ताह गर्ने भएको छ । महोत्सवको समुद्घाटन माघ १६ गते बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले गर्नेछन् । माघ १७ गते सांस्कृतिक कार्यक्रम र १८ गते समापन समारोह हुनेछ ।

१ हजार ४ सय ९० जना विद्यार्थी अध्ययनरत् यस विद्यालयले रजत महोत्सवको अवसरमा सम्पूर्ण विद्यार्थीलाई ज्ञानदीप रजतबाट सम्मान गरिने सचिव ढुंगेलले बताए । कार्यक्रमको अनुमानित खर्च २१ लाख रुपैयाँ छ । ज्ञानदीप सहकारीका अध्यक्ष ऋषिराम पोखरेलको प्रमुख आतिथ्यतामा भएको पत्रकार सम्मेलनमा विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष रमिला सापकोटा, विद्यालयका प्रिन्सिपल ईश्वर लामिछाने, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी लगायतको उपस्थिति रहेको थियो । सहकारीमा हाल ५ सय ७८ जना शेयरसदस्य छन् ।

# बागमती प्रदेशस्तरीय महांकाल भलिबल प्रतियोगिता हुने




साझाकुरा संवाददाता

हेटौंडा, ५ माघ/बागमती प्रदेशस्तरीय अन्तरपालिका खुला पुरुष महांकाल भलिबल च्याम्पियनसिप फागुन पहिलो सातादेखि सुरु हुने भएको छ ।

ललितपुर महांकाल गाउँपालिकाको सहयोग तथा महांकाल क्लबको आयोजनामा प्रतियोगिता फागुन ६ देखि १० गतेसम्म हुनेछ । प्रतियोगिताको सबै खेलहरु महांकाल वडा ४ को बागभैरव प्राविधिक माध्यमिक विद्यालयको खेलमैदानमा हुनेछ ।

प्रतियोगिताको विजेताले एक लाख ५० हजार ५५५ रुपैयाँ पाउनेछ । यस्तै, उपविजेताले ७५ हजार ५५५ तथा तेस्रो हुनेले ३५ हजार ५५५ पाउनेछन् । चौथो स्थानमा रहने टोलीलाई २० हजार ५५ प्रदान गरिने प्रतियोगिताका संयोजक लालबहादुर स्याङ्तानले जानकारी दिए ।

क्लबका अध्यक्ष डम्बर बहादुर स्याङ्तानले प्रतियोगितामा सहभागिता जनाउने ७ हजार ५ सय रुपैयाँ शुल्क लाग्ने बताए । प्रतियोगितामा सहभागिता जनाउन फागुन ४ गतेसम्म टिम दर्ता गर्न सकिनेछ ।

अध्यक्ष स्याङ्तानले यसअघि ह्यान्डबल र सेपाताक्रो आयोजना गर्दै आएपनि यसपटक भलिबल हुन लागेको जानकारी गराए । महांकाल गाउँपालिका अध्यक्षमा गणेशबहादुर केसी र खेलकुद विकास समितिका अध्यक्ष राजवीर थोकर छन् । अध्यक्ष स्याङ्तानले सरोकारवाला पक्षको सहयोगले प्रतियोगिता आयोजना गर्न हौसिएको जानकारी गराए ।

प्रतियोगितामा २० देखि ५० टिमको सहभागिता रहने अपेक्षा छ । हरेक टिममा १० जना खेलाडी रहने छन् । जसमा हरेक टिमले राष्ट्रिय टिमबाट खेलेका २ खेलाडी समावेश गर्न पाउनेछन् । महांकाल भलिबल क्लबका कप्तान दार्जे तामाङले आयोजकको टिम खुला छनोटबाट गरिने बताए । खुला छनोट १६ देखि १८ माघसम्म हुनेछ ।

# ६५ जना कन्याको बेल बिवाह हुने

साझाकुरा संवाददाता

हेटौंडा, ५ माघ/नेवारी समुदायको प्राचीन संस्कृति र परम्परालाई संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यसहित हेटौंडामा सामूहिक सुवर्णकुमार बेल विवाह कार्यक्रम आयोजना हुने भएको छ ।



इहि यज्ञ सुवर्णकुमार वेल विवाह गुठी हेटौंडाको आयोजनामा आगामी माघ ९ र १० गते श्रीपञ्चमीको शुभ साइतमा कार्यक्रम गरिने सोमबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको छ । यसवर्ष ६५ जना कन्या सहभागी हुने गुठीका अध्यक्ष हरिश्चन्द्र श्रेष्ठले जानकारी दिए । गुठीले न्यूनतम शुल्कमा कन्यालाई विधिवत् पूजामा समावेश गर्दै आएको छ । असहाय परिवारका कन्याको सम्पूर्ण खर्च समेत गुठी परिवारले व्यहोर्दै आएको छ । यस गुठीको २०८२ साल साउन ११ गते जिल्ला प्रशासन कार्यालय मकवानपुरमा विधिवत दर्ता भई विधान स्वीकृत भएको छ ।

हाल गुठीमा १७ जना आजीवन सदस्य, २२ जना साधारण सदस्य तथा ३ जना सल्लाहकार रहेका छन् । २०२९ सालमा उपत्यका बाहिर पहिलोपटक हेटौंडामा इही यज्ञ कार्यक्रम सुरु भएको हो । स्वर्गीय विकुलाल तौजले र स्वर्गीय प्रेमलाल श्रेष्ठले इही हेटौंडामा सुभारम्भ गर्नुभएको गुठीले जनाएको छ । यो संस्कार मल्लकालीन सभ्यता तथा देवी शक्तिमा आधारित पारम्परिक विधिअनुसार सम्पन्न गरिने गरिन्छ । उपत्यकाबाट आमन्त्रण गरिएका नेवारी समुदायका ब्राह्मण, बज्राचार्य, कर्माचार्य, जोशी, सेवाचार्य, पूजारी तथा पण्डितमार्फत विधिपूर्वक पूजा सम्पन्न हुने परम्परा छ ।

यस संस्कारअनुसार नाबालिकालाई कहिले नकुहिने बेलसँग विवाह गर्ने गरिन्छ । वेल विवाह गरेपछि कहिल्यै सिन्दुर पुछ्नु नपर्ने तथा बिधुवाको रुपधारण गर्नुनपर्ने प्रचलन नेवार समुदायमा रहेको छ । यसवर्षको कार्यक्रम पालोवाला गुठियार तथा आजीवन सदस्य यसकुमार श्रेष्ठको संयोजनमा आयोजना हुने गुठीले जानकारी दिएको छ ।

# विद्यार्थीलाई न्यानो कपडा वितरण

साझाकुरा संवाददाता

हेटौंडा, ५ माघ/लक्ष्मी सनराइज बैंक लिमिटेड, हेटौंडा शाखाले सामाजिक उत्तरदायित्व अन्तर्गत विपन्न वर्गका विद्यार्थीलाई न्यानो कपडा (ट्रयाकसुट) ५० सेट वितरण गरेको छ ।

बैंकले मनहरी गाउँपालिका-१, गोगनपानीस्थित जनज्योति आधारभूत विद्यालयलाई ५० सेट ट्रयाकसुट प्रदान गरेको हो । यो सामग्री लक्ष्मी सनराइज बैंक हेटौंडा शाखाप्रमुख राजकुमार साहले एक कार्यक्रमकाबीच वितरण गरेका हुन् । जाडो मौसममा विद्यार्थीलाई पठनपाठनमा सहजता होस् भन्ने उद्देश्यले न्यानो कपडा वितरण गरिएको बैंकका शाखा प्रमुख साहले बताए । कार्यक्रममार्फत बैंकले शिक्षा र समुदायप्रतिको सामाजिक प्रतिबद्धता दोहोऱ्याएको जनाइएको छ ।

कार्यक्रममा मनहरी गाउँपालिका-१ का वडाअध्यक्ष शिवप्रसाद खनालले एक बैंकले विपन्न विद्यार्थीलाई लक्षित गरी सहयोग गर्नु प्रशंसनीय कार्य भएको उल्लेख गर्दै लक्ष्मी सनराइज बैंकलाई धन्यवाद दिए ।

वडाअध्यक्ष खनालको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा लक्ष्मी सनराइज बैंकका शाखप्रमुख साह, शाखा सहप्रमुख नबीनकुमार क्षेत्री, श्याममणि ढुंगाना, बालकृष्ण अधिकारी, अनिष पौडेल, सूजन लामीछाने, सुषमा लामीछाने, एलीशा श्रेष्ठ, स्मिता लामालगायत स्थानीय जनप्रतिनिधि, अभिभावक, विद्यार्थीको उपस्थिति रहेको थियो ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना